नेपाल सरकार

**सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय**

सिंहदरबार, काठमाण्डौ

फोन ४२००३०९, ४२००२८१

पत्र संख्याः-

चलानी नं.:-

# प्रेस बिज्ञप्ती

आज मिति २०७३ साल भदौ ८ गतेका दिन नेपाल सरकारलाई भारत सरकारको तर्फबाट उपहार स्वरुप प्राप्त भएका १७ ( सत्र ) वटा बारुणयन्त्र ( दमकल ) हस्तान्तरण समारोह प्रदर्शनीमार्ग स्थित राष्ट्रिय सभा गृहमा सम्पन्न भयो । उक्त बारुणयन्त्र ( दमकल ) हस्तान्तरण समारोहमा संघीय मामिला तथा स्थानीय बिकास मन्त्रालयका माननीय मन्त्री हितराज पाण्डेज्यूलाई नेपालका लागि भारतिय राजदुत रणजीत रायज्यूले दमकलहरुको साँचो हस्तान्तरण गर्नु भयो । उक्त दमकलहरु मध्ये माननीय मन्त्री हितराज पाण्डेज्यूले तत्कालै एउटा दमकल काठमाण्डौ महानगरपालिकालाई हस्तान्तरण गर्नु भयो । साथै भारत सरकारद्धारा प्रदान गरिएको बाँकी १६ (सोह्र) वटा दमकलहरु पनि मापदण्ड बनाई अग्नी जोखिम बढी भएका नगरपालिकाहरुमा प्राथमिकताको आधारमा बितरण गर्ने बताउनुभयो । उहाँले यस्ता सहयोगले जनस्तरमा नेपाल भारत सम्बन्ध सुदृढ बनाउन थप मद्दत पुग्ने समेत बिश्वास ब्यक्त गर्नु भयो । नेपालका लागि महामहिम भारतिय राजदुत रणजीत रायले यो सहयोग सदियौ देखिको नेपाल भारत सम्बन्धको निरन्तरता भएको र यी दमकलहरुले नेपालको अग्नी नियन्त्रणमा सहयोग पुग्ने बताउनुभयो । सो समारोहमा संघीय मामिला तथा स्थानीय बिकास मन्त्रालयका माननीय राज्यमन्त्री श्रीप्रसाद जवेगु लगायत उच्च पदस्थ अधिकारीहरुको उपस्थिति रहेको थियो ।

हाल २१७ ओटा नगरपालिकाहरु मध्ये ७१ वटा नगरपालिकाहरुमा मात्र दमकल रहेका छन । चालु आर्थिक बर्षमा नेपाल सरकारले थप ३४ वटा नगरपालिकाहरुमा दमकल व्यवस्था गर्न बजेट बिनियोजन गरेको छ । हाल भारतीय सहयोगबाट प्राप्त दमकल समेत गरी यस बर्ष थप ५१ नगरपालिकामा दमकल उपलब्ध भई अग्नी जोखिम न्यूनिकरण कार्यमा सहयोग पुग्नेछ ।

पूर्णचन्द्र भट्टराई
प्रबक्ता

भ्रष्टाचार विरुद्धको चाल, असल शासनको बहाल ।